नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**Head Office :** Banepa-8, Pulbazar, Kavrepalanchowk
**Corporate office :** Madhyapur Thimi Municipality-01, Lokanthali, Bhaktapur
**Phone No :** 01-5928161, 5928162
**E-mail** : info@nerudemirmire.com.np, **Website :** www.nerudemirmire.com.np


# Unaudited Interim Financial Statement

## Condensed Statement of Financial Position
### As on Quarter Ended 31st Ashwin 2083

Amount in NPR

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 1,031,986,672 | 393,150,125 |
| Statutory Balances & due from Nepal Rastra Bank | 90,204,124 | 50,204,124 |
| Placement with Bank and Financial Institutions | 330,278,970 | 410,278,970 |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Co-operatives | - | - |
| Loans and Advances to Customers | 19,458,819,309 | 19,322,380,825 |
| Investment Securities | 3,510,000 | 3,510,000 |
| Current Tax Assets | 185,207,434 | 183,596,286 |
| Investment Property | - | - |
| Property and Equipment | 342,767,026 | 345,463,061 |
| Goodwill and Intangible Assets | 30,202,403 | 30,202,403 |
| Deferred Tax Assets | 104,199,130 | 104,199,130 |
| Other Assets | 85,790,508 | 116,417,945 |
| **Total Assets** | **21,662,965,575** | **20,959,402,869** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 7,740,495,774 | 7,696,727,868 |
| Borrowings | 10,324,433,208 | 9,773,306,896 |
| Current Tax Liabilities | 101,100,611 | 101,100,611 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 919,519,164 | 780,138,468 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **19,085,548,756** | **18,351,273,843** |
| **Equity** | | |
| Share Capital | 1,397,764,272 | 1,397,764,272 |
| Share Premium | - | - |
| Retained Earnings | (158,118,082) | (121,922,334) |
| Reserves | 1,337,770,629 | 1,332,287,087 |
| **Total Equity** | **2,577,416,819** | **2,608,129,026** |
| **Total Liabilities and Equity** | **21,662,965,575** | **20,959,402,869** |
| Net Assets Value per share | 184.40 | 186.59 |

## Condensed Statement of Profit or Loss
### For the quarter Ended 31st Ashwin 2083

Amount in NPR

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest Income | 600,590,817 | 600,590,817 | 715,018,613 | 715,018,613 |
| Interest Expense | 311,648,550 | 311,648,550 | 311,718,201 | 311,718,201 |
| **Net Interest Income** | **288,942,267** | **288,942,267** | **403,300,412** | **403,300,412** |
| Fee and Commission Income | 44,655,940 | 44,655,940 | 37,896,361 | 37,896,361 |
| Fee and Commission Expense | 90,120 | 90,120 | 207,589 | 207,589 |
| **Net Fee and Commission Income** | **44,565,820** | **44,565,820** | **37,688,771** | **37,688,771** |
| **Net Interest, Fee and Commisson Income** | **333,508,087** | **333,508,087** | **440,989,183** | **440,989,183** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 1,059 | 1,059 | - | - |
| **Total Operating Income** | **333,509,146** | **333,509,146** | **440,989,183** | **440,989,183** |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | 102,740,843 | 102,740,843 | 88,369,967 | 88,369,967 |
| **Net Operating Income** | **230,768,304** | **230,768,304** | **352,619,216** | **352,619,216** |
| **Operating Expense** | | | | |
| Personnel Expenses | 207,852,019 | 207,852,019 | 228,211,878 | 228,211,878 |
| Other Operating Expenses | 51,437,366 | 51,437,366 | 45,623,589 | 45,623,589 |
| Depreciation & Amortisation | 2,206,486 | 2,206,486 | 2,743,603 | 2,743,603 |
| **Operating Profit** | **(30,727,568)** | **(30,727,568)** | **76,040,145** | **76,040,145** |
| Non Operating Income | 2,728,124 | 2,728,124 | 3,057,726 | 3,057,726 |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **(27,999,444)** | **(27,999,444)** | **79,097,872** | **79,097,872** |
| **Income Tax Expense** | **-** | **-** | **23,729,361** | **23,729,361** |
| Current Tax | - | - | 23,729,361 | 23,729,361 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Year** | **(27,999,444)** | **(27,999,444)** | **55,368,510** | **55,368,510** |
| **Profit Attributable to:** | **-** | **-** | **-** | **-** |
| Equity-holders of the Financial Institution | (27,999,444) | (27,999,444) | 55,368,510 | 55,368,510 |
| Non-controlling interest | - | - | - | - |
| **Profit for the Year** | **(27,999,444)** | **(27,999,444)** | **55,368,510** | **55,368,510** |

## Condensed Statement of Comprehensive Income
### For the quarter Ended 31st Ashwin 2083

Amount in NPR

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| **Profit for the Period** | **(27,999,444)** | **(27,999,444)** | **55,368,510** | **55,368,510** |
| Total Comprehensive Income | (27,999,444) | (27,999,444) | 55,368,510 | 55,368,510 |
| **Total Comprehensive Income for the Period** | **(27,999,444)** | **(27,999,444)** | **55,368,510** | **55,368,510** |
| **Earnig Per Share** | | | | |
| Basic Earning per Share | | (8.01) | | 15.84 |
| Diluted earnings per share | | **(8.01)** | | **15.84** |

## Ratios as per NRB Directive

| Particulars | Current Year | Previous Year Corresponding |
|---|---|---|
| | Up to This Quarter (YTD) | Up to This Quarter (YTD) |
| Capital fund to RWA | 9.17% | 10.27% |
| Non-performing loan (NPL) to total loan | 21.73% | 15.70% |
| Total loan loss provision to Total NPL | 39.72% | 31.60% |
| Cost of Funds | 6.89% | 6.55% |
| Credit to Deposit and borrowing Ratio | 107.72% | 118.78% |
| Base Rate | 13.13% | 13.08% |
| Interest Rate Spread | 7.95% | 8.45% |

## Interest Rate

**1. Deposits : 7.50% to 10%** **2. Loan & Advance : 13.88% to 15%**

## Condense Statement of Distributable Profit or Loss
### For the quarter Ended 31st Ashwin 2083
### (As per NRB Regulation)

Amount in NPR

| Particulars | Current Year |
|---|---|
| **Opening Retained Earnings Before Allocation(Adjusted)** | **(121,922,334)** |
| **Adjustment** | **429,881** |
| **Net profit or (loss) as per statement of profit or loss** | **(27,999,443.63)** |
| **Appropriations:** | |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employees' training fund | - |
| f. Client Protection Fund | - |
| g. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **(149,491,896.18)** |
| **Regulatory adjustment :** | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (8,626,186.16) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - |
| h. Acturial loss recognised (-)/reversal (+) | - |
| i. Other (+/-) | - |
| Other | - |
| Loan Loss Provision Write back | - |
| **Distributable profit or (loss)** | **(158,118,082.35)** |
| Annualized distributable profit/loss per share | (45.25) |

**Notes :**

1. The above unaudited interim financial statements have been prepared in accordance with the applicable Nepal Financial Reporting Standards (NFRS), except for the matters disclosed in Note 2 below. These figures are subject to adjustment, if any, upon statutory audit and/or as required by the regulatory authority.
2. The impact of Expected Credit Loss (ECL) and recognition of interest income using the Effective Interest Rate (EIR) method, as required under NFRS 9 – Financial Instruments , has not been incorporated in these interim financial statements.
3. The immediately previous year-end figures presented in the Condensed Statement of Financial Position have been derived from the published fourth-quarter financial statements for FY 2082/83, as the audited financial statements for FY 2082/83 have not yet been finalized.
4. The amount presented as an adjustment in retained earnings: Rs. 429,881 pertains to FY 2082/83 and was recorded in the books after the publication of the Q4 financial statements; accordingly, the same has been presented as an adjustment to reconcile the opening retained earnings with the books of account.
5. The Loans and advance includes interest receivable and are presented net of impairment loss.
6. Acturial Valuation will be done on annual basis for Employee benefit.
7. Personnel Expenses includes staff bonus provision allocated as per rule.
8. Previous Period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
9. The above figures are subject to change as per the direction of Regulators and/of statutory auditors.
10. The detailed interim financial report has been published in our website http://www.nerudemirmire.com.np

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसूची-१४ बमोजिमको**

## आर्थिक बर्ष २०८३/८४ को प्रथम त्रैमासिक वित्तीय विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण** : यस वित्तीय संस्थाको आ.व.२०८३/८४ को प्रथम त्रैमासको अपरिष्कृत (Unaudited) वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरण योग्य मूनाफा र सो संग सम्बन्धित परिसूचकहरु नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम यसै साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| (८.०१) | (६२.०३) | १८४.४० | १,५५० | ७.६३ |

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण** : चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा संस्थाको कर्जा लगानी तथा निक्षेप परिचालनमा वृद्धि भई कूल सम्पत्ति तथा व्यवसायको आकार विस्तार भएको छ । निक्षेप सङ्कलनमा भएको वृद्धिका कारण संस्थाको तरलता स्थिति तुलनात्मक रूपमा सन्तोषजनक देखिएको छ । तथापि, समीक्षा अवधिमा ब्याज आम्दानीमा आएको सङ्कुचन तथा कर्जा नोक्सानी व्यवस्थामा भएको वृद्धिका कारण संस्थाले खुद नोक्सानी व्यहोर्नुपरेको छ । संस्थाले अवलम्बन गरेको पूँजी व्यवस्थापन योजना, रणनीतिक सुधारका उपायहरू तथा तिनको प्रभावकारी कार्यान्वयनका कारण हाल संस्थाको पूँजीकोष नियामकीय मापदण्ड अनुसार कायम रहेको छ । यस वित्तीय संस्थाले वित्तीय अवस्था थप सुदृढ बनाउन, निष्क्रिय कर्जा न्यूनीकरण गर्न, आम्दानीका स्रोत विस्तार गर्न तथा दीर्घकालीन वित्तीय स्थायित्व कायम गर्न आवश्यक सुधारात्मक कार्यहरू निरन्तर रूपमा अघि बढाईरहेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस वित्तीय संस्थाले चालु आ.व.को प्रथम त्रैमासको अन्त्यसम्ममा २२५ वटा शाखा कार्यालयहरू मार्फत ३,१६,५८६ जना विपन्न तथा लक्षित वर्गका ग्राहक सदस्यहरूलाई गुणस्तरीय रुपमा लघुवित्तीय सेवा प्रवाह गर्दै आइरहेको छ । आगामी अवधिमा संस्थाले कर्जा लगानीको गुणस्तर अभिवृद्धि गर्ने, उत्पादनशील एवं सुरक्षित क्षेत्रमा प्रभावकारी व्यावसाय विस्तार गर्ने तथा विशेष असुली अभियान सञ्चालन गरी निष्क्रिय कर्जा न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेको छ । साथै, कर्मचारीहरूको क्षमता एवं कार्यकुशलता अभिवृद्धिका लागि निरन्तर तालिम प्रदान गरी उत्पादकत्व बढाउने, स्थलगत अनुगमन तथा निरीक्षण प्रणालीलाई थप चुस्त र नतिजामुखी बनाउने, सञ्चालन खर्चमा मितव्ययिता कायम राख्ने तथा जोखिम व्यवस्थापनलाई सुदृढ गर्दै चालू आर्थिक वर्षको व्यावसायिक योजना अनुसार उपलब्धी हासिल गरी संस्थालाई दीगो एवं नाफामूलक दिशामा अगाडि बढाउने व्यवस्थापनको योजना रहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्न सक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धाले कर्जा सदुपयोगितामा कमी आई संस्थाको कारोबारमा असर परेको, कर्जा लगानी र असुलीमा कमी आई संस्थाको मौज्दात र मुनाफामा प्रभाव परेको भएतापनि कर्जाको गुणस्तर सुधार गर्ने, कर्जा जोखिम न्यूनीकरण गर्ने, निष्कृय कर्जा असुली गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरी संस्थागत सुशासनलाई उच्च प्राथमिकतामा राखी आगामी दिनमा वित्तीय संस्थाको मौज्दात, आम्दानी, तरलता तथा नगद प्रवाहलाई सन्तुलित र सन्तोषजनक बनाउन व्यवस्थापन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

ख) संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क) धितोपत्र बजारमा हुने शेयर कारोबार सम्वन्धमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचीकृत भई सन्तोषजनक कारोबार भईरहेको छ ।

ख) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| ५५३ | ४७७ | ४९७ | ६१ | ३,६२,१२१ |

५. **समस्या तथा चुनौती :**

लघुवित्त क्षेत्रमा देखिएको अत्यधिक ऋणभार, अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त संस्थाहरु विरुद्ध सञ्चालित भ्रामक गतिविधिहरू तथा ऋणीहरूमा कर्जा नतिर्ने प्रवृत्ति प्रमुख बाह्य चुनौतीका रूपमा रहेका छन् । त्यसैगरी, निष्कृय कर्जा नियन्त्रण गरी कर्जा नोक्सानी व्यवस्थापनको भार घटाउनु संस्थाको लागि प्रमुख आन्तरिक चुनौतीका रूपमा रहेको छ । उल्लेखित चुनौतीहरूको प्रभावकारी व्यवस्थापनका लागि संस्थाले कर्जाको सदुपयोग सुनिश्चित गर्ने, कर्जाको नियमित अनुगमन तथा प्रभावकारी असुली प्रक्रियालाई सुदृढ बनाउने, विशेष असुली अभियानलाई तीव्रता दिने तथा सुरक्षित र उत्पादनशील क्षेत्रमा कर्जा लगानी विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ । साथै, संस्थाको वित्तीय स्थायित्व अभिवृद्धि गर्दै समग्र कार्य सञ्चालनलाई दीगो, प्रभावकारी र सन्तोषजनक बनाउन निरन्तर प्रयास गरिरहेको छ ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन संस्थागत विकास र व्यावसायिक प्रगतिको आधारस्तम्भ रहने भएकाले यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गर्दै आएको छ । संस्थामा विद्यमान विनियमावली, नीति, निर्देशिका, कार्यविधिहरुको कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यबस्थित गरिएको छ । साथै, आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने सुपरिवेक्षणबाट प्राप्त सुझावहरुको पूर्ण रुपमा पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालकस्तरिय समितिहरु समेत सक्रिय रहेका छन् ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।